# वीरगंज महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

आदर्शनगर, वीरगंज, पर्सा
मधेश प्रदेश, नेपाल

प.स. २०८१/०८२
च.न. ५४

मिति : २०८१/०४/०२

श्री वडा अध्यक्ष ज्यू,
(वडा न. १ देखि वडा न. ३२ सम्म)
वि.म.न.पा.

**विषय: औषधि उपचार खर्च लाभग्राही नवीकरण सम्बन्धि अत्यन्त जरुरी सुचना**

प्रस्तुत बिषयमा मृगौला प्रत्यारोपण गरेका, डायलाईसीस गरिरहेका, क्यान्सर उपचारमा रहेका रोगिहरु र मेरुदण्ड पक्षघात बिरामीलाई औषधि उपचार खर्च बापत २०७८ कार्यविधि अनुसार उपलब्ध गरिने मासिक रु.५००० पुरानो लाभग्राहीले आ.व.२०८१/०८२ मा उक्त सेवा लिन सम्बन्धित वडाबाट आ.व.को शुरुमै नविकरण अनिवार्य गर्नु पर्ने हुदा लाभग्राहीहरुले तपशिलको कागजात सहित वाडामा निबेदन दिई वडाबाट नवीकरण गरीएको पत्र साथै उपचारको फलोअपको कागजात प्रत्येक ३-३ महिनामा पेश गर्नुहुन तत पश्चात स्वास्थ्य महाशाखामा पठाउने व्यवस्था मिलाई दिनुहुन अनुरोध छ। समय अवधिमा नविकरण नगरेमा स्वतः लाभग्राहीहरुको लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले पुन:सेवा लिन चाहेमा नया लाभग्राही दर्ता प्रक्रिया बाट मात्र निवेदन दिनुपर्ने व्यहोरा समेत अनुरोध छ

तपसिल :

- डायलाईसीस गरिरहेका, क्यान्सर उपचारमा रहेका रोगिहरुले हाल उपचार गरेका सम्बन्धित अस्पतालको उपचारको फलोअपको, बिरामी पुर्जी कागजात (ल्याब रिपोर्ट, बिल, बाहेक) साथै प्रत्येक ३-३ महिनामा फलोअपको कागजात अनिवार्य
- मृगौला प्रत्यारोपण गरेकालाई मृगौला प्रत्यारोपण गरेको कागजात सहित वाडामा निवेदन
- मेरुदण्ड पक्षघात बिरामीले वाडामा निवेदन तथा मेरुदण्ड पक्षघातको चिकित्सीय प्रमाणित कोपि वा रातो कार्डको कोपि

(पुनश्च :आवश्यक कागजात उपलब्ध नभएका तथा वाडाबाट सिफारिस नरहेको फाइल, वाडाबाट नविकरण नभएको लाभग्राही निर्देशिका अनुसार मेल नहुने हुदा उक्त लाभग्राहीको नाममा रकम निकाशा नहुने व्यहोरा जानकारीको लागी अनुरोध छ। )

**बोधार्थ**

श्रीमान नगर प्रमुख ज्यू को सचिवालय, वी.म.न.पा.पर्सा
श्रीमान नगर उपप्रमुख ज्यू को सचिवालय, वी.म.न.पा.पर्सा
श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू , वी.म.न.पा.पर्सा

.............................
अनिल कुमार यादव
प्रमुख
स्वास्थ्य महाशाखा
प्रमुख स्वास्थ्य महाशाखा

"दिगो विकाशको नगर-स्वस्थ्य, स्वच्छ र सुन्दर वीरगंजशहर"

आदर्शनगर, वीरगंज, नेपालफोन : ०५१-५५२८०२, फ्याक्स : ०५१-२२०१४
Adarsh Nagar, Birgunj (Nepal), Ph.: 051522802,Fax:051-22014
Web site :- www.birgunjmun.gov.np Email:- info@birgunjmun.gov.np

CamScanner